उपभोक्ता समितिहरुको

# बाह्य सामग्री खरिद कार्यविधि

(परियोजना कार्यान्वयन निर्देशिकाको सहायक दस्तावेज)

उपभोक्ता समितिहरुको

# बाह्य सामग्री खरिद कार्यविधि

(परियोजना कार्यान्वयन निर्देशिकाको सहायक दस्तावेज)

**Rural Village Water Resource Management Project**
**2022**

## Acknowledgements

We are grateful to the following for their immense of support and advice.

GOVERNMENT OF NEPAL | EUROPEAN UNION | Ministry for Foreign Affairs of Finland

*This document was produced with the financial assistance of the European Union and the Ministry for Foreign Affairs of Finland. The views expressed herein can in no way be taken to reflect the official opinion of the European Union or the Ministry for Foreign Affairs of Finland.*

## Authors

Narayan Prasad Wagle, Parikshit Shrestha, Sushil Subedi, Pallab Raj Nepal, Raju Tirwa, Krishna Bahadur Malla, and Bashudev Pandey

## Copy Editors

Bibek Dahal and Pramesh Poudel

## Publisher

Rural Village Water Resource Management Project
Under the technical assistance of FCG Finnish Consulting Group

Project Support Unit
Amargadhi – 5, Dadeldhura
Sudurpashchim Province, Nepal

FCG Home Office
Helsinki, Finland
Email: fcgdevco@fcg.fi

## © Rural Village Water Resource Management Project, 2022

All right reserved. No part of this book may be reproduced or transmitted in any form, electronic or mechanical, without the written permission from the publisher.

First edition

ISBN (e-Book)
978-9937-1-2241-2

# विषयसूची


यस कार्यविधिमा प्रयोग भएका केहि महत्वपूर्ण शब्दका परिभाषाहरु........................................1

१. पृष्ठभूमी र औचित्य ........................................2

२. परियोजना अन्तर्गत उपभोक्ता समितिले गर्ने खरिदका सिद्धान्तहरु........................................3

३. उपभोक्ता समितिले निर्माण सामग्री खरिद गर्दा अपनाउनु पर्ने प्रकृया ........................................6

४. सिलबन्दी दरभाउपत्र मार्फत निर्माण सामग्री खरिद गर्ने चरणवद्ध प्रकृया ........................................8

४.१. उपभोक्ताहरुको आमभेलावाट खरिद समिति गठन ........................................8

४.४. दरभाउपत्र वितरण तथा संकलन ........................................11

४.५. दरभाउपत्र मूल्याङ्कन तथा आपूर्तिकर्ता छनौट........................................12

४.६. खरिद सम्झौता ........................................13

४.७. सामग्री आपूर्ति तथा भुक्तानी ........................................14

५. बोलपत्र मार्फत निर्माण सामग्री खरिद गर्ने प्रकृया ........................................15

अनुसूची १. उपभोक्ता समिति खरिद तथा आर्थिक व्यवस्थापन अभिमुखीकरण ........................................17

अनुसूची २. उपभोक्ता समिति व्यवस्थापन तालिमको विषयवस्तु ........................................19

अनुसूची ३. उपभोक्ता समितिहरुले पत्रिकामा प्रकाशित गर्ने सूचनाको नमूना ........................................21

अनुसूची ४. दरभाउपत्र फारमको नमूना ........................................23

सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धमा ........................................23

दरभाउपत्र फारमको नमूना ........................................24

अनुसूची ५. खानेपानी योजनाहरुमा प्रयोग हुने प्रमुख सामग्रीहरुको सचित्र स्पेशिफिकेशन ........................................25

अनुसूची ६. दरभाउपत्र तुलनात्मक तालिकाको नमूना ........................................31

अनुसूची ७ : दरभाउपत्र स्वीकृत भएको सूचनाको नमूना........................................32

अनुसूची ८ : सप्लायर र उपभोक्ता समिति वीच गरिने सम्झौता पत्रको नमूना........................................33

अनुसूची ९ : उपभोक्ता समितिले दिने कार्यादेशको नमूना ........................................35

उपभोक्ता समितिले सम्झिराख्नु पर्ने कुराहरु ........................................36

परिशिष्ट १ : खानेपानी तथा अन्य आयोजनामा प्रयोग हुने पाईप, फिटिङ्गस, औजार,ज्यावल तथा निर्माण सामाग्रीको सचित्र परिचय........................................37

## यस कार्यविधिमा प्रयोग भएका केहि महत्वपूर्ण शब्दका परिभाषाहरु

(क) **"योजना"** भन्नाले परियोजना मातहत निश्चित भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको खानेपानी तथा सरसफाइ, सिँचाई, लघु जलविद्युत, शौचालय तथा अन्य जलस्रोत विकास क्रियाकलापहरुलाई सम्झनु पर्छ ।

(ख) **"उपभोक्ता समिति"** भन्नाले सामुहिक लाभका लागि सँस्थागत रुपमा प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले योजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरि जलस्रोत ऐन, २०४९ को दफा ५ अनुसार जिल्ला जलस्रोत समितिमा वा गाउँपालीका वा नगरपालीकामा दर्ता भएको बैधानिक समिति सम्झनु पर्छ ।

(ग) **"परियोजना"** भन्नाले गाउँपालिका वा नगरपालिका अन्तर्गत कार्यान्वयनमा रहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरणलाई सम्झनुपर्दछ । यसले परियोजनाको परियोजना सहयोग इकाई कार्यालय तथा परियोजना समन्वय कार्यालय, डडेल्धुरालाई समेत जनाउँछ ।

(घ) **"आमभेला"** भन्नाले परियोजनाको निर्देशिका वमोजिम उपभोक्ता घरधुरीको कम्तिमा ७५% घरहरुवाट प्रतिनिधित्व भएको र उपस्थिति कुल संख्याको कम्तिमा ५०% महिला एवम् सबै क्षेत्र तथा जातीय समुदायको समानुपातिक प्रतिनिधित्व भएको भेला भन्ने बुझ्नुपर्दछ ।

(ङ) **"सहयोगी सँस्था वा व्यक्ति"** भन्नाले : परियोजना कार्यान्वयनको लागि गाउँपालिका वा नगरपालिकाले निश्चित प्रकृया अपनाई नियुक्त गरेका गैह्र सरकारी सँस्थाका तोकिएका कर्मचारीहरु वा गाउँपालिका/नगरपालिकाले सोझै करार सेवामा परियोजना प्रयोजनको लागि नियुक्त गरेका सहयोगी कर्मचारीहरु (व्यक्तिहरु) भन्ने सम्झनु पर्दछ ।

(च) **"सार्वजनिक परीक्षण"** भन्नाले परियोजनाको चरणवद्ध कार्यविधिमा उल्लेख भएको सार्वजनिक लेखापरीक्षण गर्ने विधि बमोजिम उपभोक्ता समितिले सञ्चालन गर्ने योजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, उपलब्धि र खर्च आदिको बारेमा आमभेला मार्फत उपभोक्ता र सरोकारवालाहरू वीच जानकारी गराउने, लेखाजोखा गर्ने, मूल्याङ्कन गर्ने र पृष्ठपोषण गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(छ) **"खुला दरभाउपत्र"** भन्नाले उपभोक्ता ⁄ खरिद समितिले निर्माण सामग्रीको दररेट उपलब्ध गराउनको लागि ईच्छुक सप्लायर, फर्म, कम्पनीलाइ उपलब्ध गराउने दरभाउपत्रमा निज सप्लायर, फर्म, कम्पनीले मूल्य उल्लेख गरी खामबन्दी रुपमा पेश गरेको विवरण सम्झनु पर्छ ।

(ज) **"सिलबन्दी दरभाउपत्र"** भन्नाले उपभोक्ता समितिको खरिद सूचना बमोजिम निर्माण सामग्री उपलब्ध गराउनको लागि ईच्छुक सप्लायर, फर्म, कम्पनीले सिलबन्दी (लाहाछाप लगाइएको) खाम भित्र मूल्य समेत उल्लेख गरी पेश गरेको विवरण सम्झनु पर्छ ।

(झ) **"खरिद"** भन्नाले उपभोक्ता समितिले योजनाको लागि निर्माण सामग्री आपूर्ति गर्ने वा खरिद गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) **"गाउँपालिका परियोजना व्यवस्थापन समिति"** भन्नाले स्थानीय पूर्वाधार विभाग (डोली), जिल्ला समन्वय समिति र लक्षित कार्यक्रम गाउँपालिका वीच सम्पन्न समझदारी वमोजिम गठीत परियोजना व्यवस्थापन समितिलाई जनाउँछ । गाउँपालिका परियोजना व्यवस्थापन समिति गठन नभएका लक्षित बाहेकका अन्य स्थानीय तहमा यस कार्यविधिमा गाउँपालिका परियोजना व्यवस्थापन समितिले गर्ने गरी तोकिएका कार्यहरु परियोजनाका जलस्रोत सल्लाहकारको सिफारिसमा गाउँकार्यपालिका वा नगरकार्यपालिका कार्यालयले गर्नेछन् ।

# १. पृष्ठभूमी र औचित्य

सुदूरपश्चिम तथा कर्णाली प्रदेश (साविक सुदूर तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्र) का परियोजना लागू भएका ग्रामीण क्षेत्रमा न्यायोचित, समतामूलक तथा दिगो रुपमा जलस्रोतको उपयोगको माध्यमबाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीविकोपार्जनका अवसरहरुको वृद्धि गर्ने लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकारबीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि सफलतापूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (RVWRMP) को आ.व. २०६३/०६४ देखि आ.व.२०६६/०६७ सम्म प्रथम चरण र आ.व. २०६७/०६८ देखि आ.व.२०७१/०७२ दोश्रो चरण सम्पन्न भईसकेको छ ।

यस परियोजना अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गर्दा स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा लाभ पुगेको देखिन आएकोले सोही कार्यक्रमलाई निरन्तरता दिई बढीभन्दा बढी जनसंख्यालाई सेवा पुऱ्याउने उद्देश्यले थप ५ वर्षका लागि परियोजनाको तेस्रो चरण कार्यान्वयनको द्विपक्षीय सम्झौता मिति २०७२ मंसिर २४ गते (तद्अनुसार डिसेम्बर १०, २०१५) मा सम्पन्न भएको थियो । तेस्रो चरणमा परियोजना यस क्षेत्रका १० जिल्लाहरु अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेल्धुरा, दार्चुला, डोटी, दैलेख र हुम्ला एवम् कैलाली जिल्लाका तोकिएका गाउँपालिकाहरुमा लक्षित कार्यक्रम, योजना निर्माण चालु रहेका साविक लक्षित गाविस (अधिकतम दुई वर्षको लागि) र परियोजना कार्यान्वयन निर्देशिका वमोजिम परियोजना कार्यक्षेत्र भित्रका इच्छुक स्थानीय तहहरुवाट प्राप्त प्रस्तावको आधारमा छनौट हुने खानेपानी तथा लघु जलविद्युत योजनाहरुमा सहयोग गर्दछ ।

यस परियोजनाको मुख्य उद्देश्य कर्णाली तथा सुदूरपश्चिम क्षेत्रको परियोजना सञ्चालित ग्रामीण स्तरमा पानीको विवेकपूर्ण, समतामुलक, र दिगो उपयोग मार्फत गुणस्तरीय जीवन तथा वातावरणीय अवस्थामा सुधार गर्ने अवसरहरुमा वृद्धि गरी ग्रामीण जीविकोपार्जनमा सुधार गर्नु रहेको छ ।

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत सञ्चालन हुने सबै प्रकारका योजनाहरुको लागि आवश्यक पर्ने स्थानीय सामग्रीहरुको सकलन तथा व्यवस्थापन, बाह्य निर्माण सामग्रीहरुको खरिद, ढुवानी, भण्डारण तथा उपयोग एवम् योजनाको लागि आवश्यक पर्ने दक्ष तथा अदक्ष कामदारको व्यवस्थापन गर्ने कार्य उपभोक्ता समितिले मात्र गर्दछन् । त्यसैले तोकिएको प्रकृया पुरा गरी योजनाको लागि आवश्यक पर्ने सामग्रीहरु खरिद गर्ने जिम्मेवारी उपभोक्ता समितिको हुन्छ । गाउपालिका/नगरपालिका, सहयोगी सस्था, सहयोगी व्यक्ति एवम् परियोजनाका कर्मचारीको भूमिका सहयोगीको रुपमा मात्र हुन्छ, जसमा आवश्यक कागजात तयारी गरिदिने र खरिद गरिएका सामग्रीहरु गुणस्तरीय भए नभएको एकिन गर्ने कार्यमा यस्ता निकायले सहजीकरण गर्दछन् ।

नेपाल सरकार र फिनल्याण्ड सरकार वीच सम्पन्न द्विपक्षिय सम्झौताको अनुसूचीको रुपमा रहेको परियोजना दस्तावेज (अध्याय ७.५) मा "परियोजनाको तेस्रो चरणमा योजनामा लगानी हुने रकम स्थानीय तहवाट विगतका चरणहरुमा जस्तै उपभोक्ता समितिको खातामा सोझै निकासा हुने र योजना संग सम्बन्धित सवै खरिद कार्यहरु उपभोक्ता समितिले गर्नेछ" र "उपभोक्ता समितिले गर्ने खरिद परियोजनाले तयार गरेको खरिद निर्देशिका वमोजिम हुनेछ"

भनी उल्लेख भएको एवम् नेपाल सरकारको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ (ख) मा “नेपाल सरकार र दातृ पक्षबीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका ( प्रोक्योरमेण्ट गाईडलाइन्स) अनुरुप खरिद गर्नुपरेमा” सार्वजनिक खरिद ऐन बमोजिमको खरिद प्रकृया अपनाउनुपर्ने छैन भनी उल्लेख भएकोले, नेपाल सरकार र फिनल्याण्ड सरकार वीच सम्पन्न सम्झौताको मर्म अनुरुप परियोजना अन्तर्गतका जुनसुकै लागत परिमाणका एवम् प्रकृतिका योजनाहरुमा पारदर्शी, गुणस्तरीय, प्रतिष्पर्धात्मक, सहभागितात्मक तथा लागत मितव्ययीता सिद्धान्तको अवलम्बन गर्दै उपभोक्ता समितिले खरिद गर्दा अपनाउनु पर्ने प्रकृया “परियोजना कार्यान्वयन निर्देशिका (फाल्गुण २०७४) (Project Implementation Guidelines - PIG)” मा उल्लेख गरिएको छ। यद्यपी उपभोक्ता समितिहरुले गर्ने खरिद कार्यमा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गतका नियमावलीहरुमा व्यवस्था भए वमोजिम र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका व्यवस्थाहरुलाई प्रयोग गर्न सकिने हदसम्म प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित सबै परियोजनाहरुमा योजनास्तरको खरिद कार्यको जिम्मा उपभोक्ता समितिको नै हुनेगर्दछ। यसैले परियोजनाको पहिलो चरण (२०६३) देखि नै यो जिम्मेवारी उपभोक्ता समितिहरुले निर्वाह गर्दै आइरहेका छन्। परियोजनाको पहिलो र दोस्रो चरणमा उपभोक्ता समितिले गर्ने सबै प्रकारका खरिद कार्यहरु खुल्ला दरभाउपत्र मार्फत गर्दै आइएकोमा परियोजना तेस्रो चरणको परियोजना दस्तावेजको मर्म र विगतका सिकाई वमोजिम उपभोक्ता समितिवाट गरिने खरिद कार्यलाई थप प्रतिष्पर्धात्मक बनाउनु पर्ने आवश्यकता विभिन्न साझेदारहरु एवम् परियोजनावाट समेत महशुस गरिएकोले परियोजना तेस्रो चरणमा उपभोक्ता समितिहरुले बाह्य निर्माण सामग्री खरिद गर्दा अपनाउनु पर्ने प्रकृयाको वारेमा परियोजना सुपरिवेक्षण समितिवाट मिति २०७४ फागुन २१ गते स्वीकृत गरिएको परियोजना कार्यान्वयन निर्देशिकाको अध्याय ८.५ मा उल्लेख भएका प्रावधानहरु वमोजिम उपभोक्ता समितिहरु एवम् उपभोक्ता समितिहरुलाई खरिद कार्यमा सहजीकरण गर्ने सम्बन्धित सवैको उपयोगको लागि यो कार्यविधि तयार गरिएको छ।

## २. परियोजना अन्तर्गत उपभोक्ता समितिले गर्ने खरिदका सिद्धान्तहरु

१. गुणस्तरीयता : परियोजनाको सहयोगमा निर्माण भएका योजनाहरुको डिजाइन अवधि २० वर्ष कायम गरिएको छ। निर्धारित मापदण्ड वमोजिम निर्माण भएका योजनाहरु मात्र दिगो हुनसक्दछन्। योजनालाई दिगो बनाउनको लागि अन्य कुराहरुका अतिरिक्त निर्माण सामग्रीहरु तथा निर्माण कार्य समेत गुणस्तरीय हुनु आवश्यक छ। यसर्थः परियोजना अन्तर्गतका योजनाहरुमा खरिद गरिने सबै सामग्रीहरु तोकिएको प्राविधिक मापदण्ड वमोजिम हुनुपर्दछ

जसको लागि खरिद गरिने पाइप, फिटि•स् तथा सबै निर्माण सामग्रीहरु नेपाल गुणस्तर चिन्ह वा भारतीय गुणस्तर चिन्ह वा वेलायती गुणस्तर चिन्ह वा सो सरहको गुणस्तर प्रमाण चिन्ह प्राप्त गरेका सामग्री हुनुपर्दछ। यदि कुनै सामग्री तोकिएको गुणस्तर भन्दा फरक भएमा त्यस्तो सामान योजनामा प्रयोग गर्न पाइने छैन। कुनै कारणले कम गुणस्तरको सामग्री योजनास्थल सम्म ढुवानी भैसकेको रहेछ भने यस्तो सामग्री तत्काल फिर्ता गरी सो को

सट्टामा गुणस्तरीय सामान ल्याउनु पर्दछ । यदि उपभोक्ता समितिले यस्तो सामान फिर्ता नगरी प्रयोग गरेमा वा प्रयोग भैसकेको कुरा निर्माण कार्य सम्पन्न भएपछि मात्र जानकारी हुन आएमा यस्तो सामानको मूल्य नापी किताबमा चढाइनेछैन र गाउँपालिका वा नगरपालिकावाट उक्त सामानको रकम निकासा हुनेछैन ।

२. <u>पारदर्शिता तथा सहभागिता :</u> योजना निर्माणका सवै कार्यहरुको हिसाव किताव तथा निर्णय प्रकृया पारदर्शी हुनुपर्दछ । योजनामा पारदर्शिता कायम भएमा मात्र योजनाको दिगोपना सुनिश्चित गर्न सकिन्छ । यसर्थः निर्माण सामग्री खरिद गर्नुपूर्व निर्माण सामग्रीको परिमाण, आवश्यक पर्ने गुणस्तर तथा अनुमानित मूल्यको वारेमा उपभोक्ताहरुलाई आमभेला मार्फत विस्तृत रुपमा जानकारी दिनुपर्दछ । यस्तो जानकारी योजनाको सामुदायिक कार्ययोजना तयारी गर्नुपूर्वको आमभेलामा दिनुपर्दछ । योजना अवधिमा कम्तिमा पनि ३ पटक सार्वजनिक परीक्षण गर्नुपर्दछ । उपभोक्ता समितिले यस्तो सार्वजनिक परीक्षणमा योजनाको विस्तृत प्रगती विवरण र आय व्ययको विवरण पेश गरी उपभोक्ता भेलावाट पारित गराउनुपर्दछ । योजनामा गरिने आर्थिक कारोवारको निर्णय गर्दा उपभोक्ता समितिको कुनै पदाधिकारीले एकल रुपमा गर्नुहुंदैन । सबै निर्णयहरु उपभोक्ता समितिको बैठक मार्फत गरिनुपर्दछ । परियोजना अन्तर्गत सञ्चालित सबै आमभेलाहरुमा लाभान्वित घरधुरीको कम्तिमा ७५% घरधुरीवाट प्रतिनिधित्व भएको हुनुपर्दछ, साथै उक्त आमभेलामा कम्तिमा ५०% महिला सहभागिता हुनुपर्दछ र योजनाले समेट्ने सबै टोल, वडाको प्रतिनिधित्व भएको हुनुपर्दछ । यसका साथै योजनाका उपभोक्ता भित्रका सबै जातीय समुदायको समानुपातिक प्रतिनिधित्व भएको हुनुपर्दछ । यदि एक पटक बोलाइएको आमभेलामा यस वमोजिमको उपस्थिति नभएमा पुनः अर्को भेला बोलाउनु पर्दछ ।

निर्माण सामग्री खरिद भई ढुवानी भए लगत्तै खरिद समितिले उपभोक्ताको आमभेला बोलाई खरिद गरिएका सामग्रीहरुमा भएको खर्चको विवरण पेश गर्नुपर्दछ । हरेक पटक गरिने खरिद तथा आम्दानी खर्चको विवरणको सार्वजनिक परीक्षण गर्नुपर्दछ र योजना सम्पन्न भएपछि सबै आम्दानी खर्चको सार्वजनिक परीक्षण गर्नुपर्दछ । उपभोक्ता समितिले गरेको खरिद कार्य उपयुक्त प्रकृया वमोजिम गरिरहेको छ भन्ने कुरा सुनिश्चित गर्नको लागि गा.पा/न.पा, सहयोगी सँस्था र परियोजनाले नियमित रुपमा अनुगमन गर्दछ । सबै योजनाहरुको कार्यक्षेत्रमा संयुक्त टोलीले अनुगमन नगरी उपभोक्ता समितिलाई कुनै पनि किस्ता रकम भुक्तानी हुँदैन ।

परियोजना तेस्रो चरणमा फिनल्याण्ड सरकारको विकासमा काम गर्ने कार्यकर्ताहरुको लागि तयार गरेको भ्रष्टाचार विरुद्धको हाते पुस्तिका (सन् २०१२)मा उल्लेख भएका प्रावधानहरुलाई कडाइका साथ पालना गरी भ्रष्टाचारमा शुन्य सहनशीलता कायम गरिनेछ । जस वमोजिम यस परियोजनामा गरिने सबै कारोवारहरुलाई पारदर्शी बनाउने तर्फ कार्यपद्धति र प्रकृतिलाई भ्रष्टाचार रहित हुने गरी डिजाइन गरिएको छ । यदि यस्ता कुनै प्रकारका घटनाहरुमा कुनै पनि पक्ष संलग्न भएको कुरा कुनै पनि स्रोतवाट जानकारी हुन आएमा तत्काल आवश्यक कार्यवाही अगाडी बढाइनेछ ।

३. प्रतिष्पर्धात्मक तथा लागत मितव्ययीता : निर्माण सामग्री खरिद गर्दा निर्धारित योग्यता पुगेका इच्छुक सबै उत्पादक वा आपूर्तिकर्ताहरुले प्रतिष्पर्धा गर्न पाउनु पर्दछ । यसर्थः मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएका, आयकर चुक्ता गरेका र समयमा तोकिएका सामग्रीहरु सप्लाई गर्न सक्ने सप्लायरहरु सबैले निर्माण सामग्री आपूर्तिमा प्रतिष्पर्धा गर्न पाउन् भन्ने उद्देश्यले सामग्री खरिद सम्बन्धी सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्दछ । जसले गर्दा बढि भन्दा बढी आपूर्तिकर्ता वा उत्पादकको विचमा प्रतिष्पर्धा हुने वातावरण सिर्जना हुन्छ । यसरी सूचना प्रकाशित गर्दा स्थानीय/क्षेत्रीय पत्रिकाका अतिरिक्त सार्वजनिक सरोकारका कार्यालयहरुमा समेत सूचना प्रकाशित गर्नुपर्दछ । जसले गर्दा अनुमान गरिए भन्दा कम खर्चमा तोकिएको गुणस्तरमा योजनाहरु सम्पन्न भै बच्न गएको रकम सोहि स्थानीय तहको अर्को योजना वा कार्यक्रममा खर्च गरिनेछ र कम लागतमा बढि भन्दा बढि योजनाहरु निर्माणमा सहयोग पुग्न सक्दछ ।

यसका साथै योजनास्तरमा गरिने सबै खर्चहरु लागत मितव्ययी तरिकाले गर्नुपर्दछ । ढुवानी कार्यको लागि समेत खच्चर वा अन्य सवारीका साधनवाट ढुवानी गराउंदा प्रतिष्पर्धा गराई सके सम्म कम लागतमा ढुवानी गराउनु पर्दछ । यसका साथै दक्ष कामदार र अदक्ष कामदारको ज्यालामा समेत उपभोक्ता समितिले मितव्ययीता कायम गरी कम लागतमा काम गर्न सकेमा भविष्यमा योजनाको मर्मत सम्भार गर्नको लागि योजनाको मर्मत सम्भार कोषमा रकम जम्मा गर्न सकिन्छ । यसका लागि सहयोगी कर्मचारीहरुले नियमित रुपमा उपभोक्ता समितिलाई सहजीकरण गर्नुपर्दछ ।

४. क्षमता विकास : परियोजनाको एउटा प्रमुख उद्देश्य उपभोक्ता एवम् स्थानीय तहको क्षमता विकास गर्नु समेत रहेको छ । उक्त उद्देश्य प्राप्तीको लागि परियोजनाले विभिन्न तहमा क्षमता विकासका कार्यक्रमहरु समेत सञ्चालन गर्दछ । उपभोक्ता समिति मार्फत खरिद कार्य गर्ने क्रममा समेत उपभोक्ताहरुको सचेतीकरण, उपभोक्ता समितिलाई खरिद प्रकृया, लेखा व्यवस्थापन, गुणस्तर पहिचान लगायतका तालिमहरु मार्फत र प्रत्यक्ष रुपमा उपभोक्ता समितिहरु सहभागी भै खरिद कार्य गर्दा उक्त समितिहरुको योजना निर्माण व्यवस्थापन, सञ्चालन तथा मर्मत सम्भारमा समेत उल्लेख्य रुपमा क्षमता विकास भै योजनाको दिगोपनामा सकारात्मक असर पर्दछ । यसका साथै उपभोक्ता आफैंले निर्माण गरेको योजनामा समुदायको आफ्नोपनको भावना अभिवृद्धि भई योजनालाई लामो समयसम्म चलाई राख्न सहयोग पुग्ने अपेक्षा परियोजनाले लिएको छ ।

यसका अतिरिक्त उपभोक्ता समितिलाई सहजीकरण गर्ने कार्यमा संलग्न सहयोगी सँस्था एवम् तिनका कर्मचारीहरु एवम् सहयोगी व्यक्तिहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मर्मत सम्भारमा क्षमतामा अभिवृद्धि भै यस्तै प्रकारका अन्य विकास निर्माणका कार्यहरुमा सहजीकरण गर्नको लागि दक्ष जनशक्ति उत्पादन हुन्छ । साथै उक्त क्षमता अभिवृद्धि कार्यक्रमहरुवाट गापा/नपा एवम् अन्य सरोकारवाला कार्यालयका प्राविधिकहरुको समेत क्षमता अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

## ३. उपभोक्ता समितिले निर्माण सामग्री खरिद गर्दा अपनाउनु पर्ने प्रकृया

उपभोक्ता समितिले निर्माण सामग्री खरिद गर्दा तलका मध्ये कुनै एक प्रकृया अपनाउन सक्नेछ । यस्तो प्रकृया अपनाउनको लागि योजनाको सामुदायिक कार्ययोजना पारित गर्नको लागि वोलाइएको आमभेलामा विस्तृत छलफल गरी निर्णय गर्नुपर्दछ । बाह्य निर्माण सामग्री खरिद (तरिका नं. २ र ३) को प्रकृया तलको अध्यायमा व्याख्या गरिएको छ ।

**1 सोझै खरिद**

उपभोक्ता समितिले योजना अवधिमा एक पटक रु. ५००,००० (अक्षरेपी पांच लाख मात्र) सम्म मूल्यको सामग्री बजारबाट सोझै खरिद गर्न सक्नेछ । रु. २०,००० (अक्षरेपी बिस हजार मात्र) भन्दा माथिको सामग्री खरिद गर्दा भ्याट बील अनिवार्य हुनुपर्नेछ । मूल खरिदमा छुट भएका सामग्रीहरु खरिद गर्नको लागि वा बाहय सामग्रीको कुल लागत ५००,००० सम्म भएका योजनामा मात्र यो प्रकृया अवलम्बन गर्न पाइनेछ । यस्तो खरिदमा समेत खुल्ला कोटेशन लिएर खरिद गर्नुपर्नेछ । खरिद गर्नुपूर्व उपभोक्ता समितिको निर्णय अनिवार्य छ । सवै खर्चहरुको सार्वजनीक परिक्षण गरिएको हुनुपर्नेछ ।

**2 सिलबन्दी दरभाउपत्र**

- पत्रिकामा समूहगत रुपमा उपभोक्ता समितिवाट सूचना प्रकाशन (एउटा गा.पा/न.पाको एक पटक)
- कम्तिमा ३ वटा सप्लायरवाट सिलबन्दी दरभाउपत्र स“कलन
- उपभोक्ता समिति तथा आम भेलाको निर्णय वमोजिम कुनै पनि परिमाण र रकमको खरिद यस प्रकृया वमोजिम गर्न सक्नेछन् ।

**3 सिलबन्दी बोलपत्र**

उपभोक्ता समितिले आफुले निर्माण सामग्री खरिद गर्न नसक्ने भएमा आमभेला वाट निर्णय गराई निर्माण सामग्री खरिद कार्यमा सहयोग गरिदिन परियोजना व्यवस्थापन समितिलाई लिखित अनुरोध गर्नेछ । यस्तो अनुरोध बमोजिम परियोजना व्यवस्थापन समितिले उपभोक्ता समितिका प्रतिनिधि सहितको खरिद समिति गठन गरी बोलपत्र मार्फत निर्माण सामग्री खरिद गरी उपभोक्ता समितिलाई उपलव्ध गराउनेछ ।

## उपभोक्ता समितिले जुनसुकै खरिदमा अपनाउनु पर्ने सामान्य प्रकृयाहरु

१. जतिसुकै रकमको खरिद प्रक्रियाका सबै चरणहरुमा पारदर्शिता, अभिलेख र बैठकका निर्णयहरु दुरुस्त कायम राख्नुपर्दछ ।

२. उपभोक्ताको आमभेलाले योजनाको निर्माण सामग्री खरिदका लागि तीन सदस्यीय (कम्तिमा एक जना महिला रहने गरी) खरिद समिति चयन गर्नुपर्दछ । जसमा २ जना उपभोक्ता समितिबाट र १ जना उपभोक्ताहरुबाट चयन गर्नुपर्दछ। सोही आमभेलाबाट उक्त ३ जनामध्ये १ जनालाई खरिद समितिको सयोजक चयन गर्ने र सामग्री खरिद प्रक्रियाको छनौट (सोझै खरिद, प्रतिस्पर्धात्मक दरभाउ पत्र वा बोलपत्र) सम्बन्धी निर्णय अनिवार्य रुपमा गर्नुपर्दछ ।

३. उपभोक्ता समिति र खरिद समितिलाई सामग्री खरिद गर्नुभन्दा पहिला नै खरिद प्रक्रिया सम्बन्धमा गाउपालिका/नगरपालीका परियोजना व्यवस्थापन समितिवाट तालिम अनिवार्य रूपमा पाइसकेको हुनुपर्दछ। उक्त तालिममा परियोजनाको परियोजना कार्यान्वयन निर्देशिका २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, र उपभोक्ता समितिहरुको बाह्य सामग्री खरिद कार्यविधि, २०७३ (यो कार्यविधि)का प्रावधानहरु र सिमेन्ट, पाइप र अन्य निर्माण सामग्रीहरुको गुणस्तर तथा मापदण्ड र स्पेसिफिकेसन एवम् लेखा व्यवस्थापनको बारेमा स्पष्ट पार्नुपर्दछ ।

४. गा.पा/न.पा कार्यालय र योजनामा खटाइएका प्राविधिक सहयोगी व्यक्तिले योजनाको डिजाइन तथा लागत प्रतिवेदन अनुसार खरिद गर्नुपर्ने सामग्रीहरूको विस्तृत प्राविधिक स्पेसिफिकेशन सहितको दरभाउपत्र तयार गर्नुपर्दछ ।

५. उपभोक्ता र खरिद समितिले छनौट गरिएको खरिद प्रक्रियाको सबै चरणहरु पालना गर्नुपर्दछ । यी विषय परियोजनाबाट प्रकाशित चरणबद्ध कार्यविधिमा पनि उल्लेख गरिएको छ ।

६. उपभोक्ता समितिको अध्यक्ष वा खरिद समितिको सयोजकले दरभाउपत्र बिक्रि वितरण गर्नु भन्दा पहिले सबै पानामा हस्ताक्षर गर्नुपर्दछ र उपभोक्ता समितिको छाप लगाउनुपर्दछ ।

७. उपभोक्ता समितिले सामग्रीहरु ढुवानी भईसकेपछि प्राप्त बिल र सामग्रीको आधारमा प्राप्त मिति समेत उल्लेख गरी खर्च भएर जाने सामानहरु **खर्च भएर जाने जिन्सी खातामा** र खर्च भएर नजाने सामानहरु **खर्च भएर नजाने जिन्सी खातामा** चढाउनुपर्दछ ।


८. सप्लायरलाई रकम भुक्तानी प्रक्रिया अगाडि बढाउने र एकाउन्ट पेयी (A/C Payee) चेकबाट मात्र भुक्तानी दिनुपर्दछ ।

९. अनुगमन टोलीले सामग्री खरिद प्रक्रियामा कुनै पनि किसिमले कोषको दुरुपयोग भएको वा गैरकानूनी ढगले रकमको लेनदेन भएको पाएमा वा दुरुपयोग भएको शंका लागि गाउपालिका परियोजना व्यवस्थापन समितिलाई जानकारी गराएमा गाउंपालिका/नगरपालीकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित बैंकलाई लिखित अनुरोध गरी उपभोक्ता समितिको खाता रोक्का गर्न सक्नेछन् । यसरी रोक्का भएको बैंक खाता प्रमुख प्रशासकीय अधिकृतको लिखित अनुरोधमा मात्र पुनः सञ्चालन हुनेछ ।

## ४. सिलबन्दी दरभाउपत्र मार्फत निर्माण सामग्री खरिद गर्ने चरणवद्ध प्रकृया

आमभेलाले बाह्य निर्माण सामग्री खरिद गर्दा सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्ने निर्णय गरेको अवस्थामा सबै संलग्न पक्षहरुले यस कार्यविधिमा व्यवस्था भएका हरेक खुट्किलाहरुको अक्षरशः पालना गर्नुपर्दछ । सबै खुट्किलाहरुको विस्तृत विवरण तल दिइएको छ ।

**सिलबन्दी कोटेशन मार्फत बाह्य निर्माण सामग्री खरिद गर्ने चरणवद्ध प्रकृया**




योजनाको डिजाइन तथा लागत अनुमान तयार भए लगत्तै उपभोक्ता समितिका सबै सदस्यहरुलाई १ दिने खरिद तथा आर्थिक व्यवस्थापन सम्बन्धी अभिमुखीकरण (चरणवद्ध कार्यपद्धति खुट्किला नं. ८) सञ्चालन गरिनेछ । उक्त अभिमुखीकरण कार्यक्रममा उपभोक्ता समितिलाई निर्माण सामग्री खरिद प्रकृया तथा योजना सञ्चालन गर्दा राख्ने लेखाको वारेमा जानकारी गराइनेछ । यो अभिमुखीकरण सहयोगी सँस्था वा व्यक्तिवाट सञ्चालन गरिनेछ । ( विषयवस्तुको लागि अनुसूची १ हेर्नुहोस्) । खरिद प्रकृयाका अन्य खुट्किलाहरुको व्याख्या तल गरिएको छ ।

### ४.१. उपभोक्ताहरुको आमभेलावाट खरिद समिति गठन

योजनाको तयारी चरणको अन्त्यमा उपभोक्ताहरुको आमभेला मार्फत योजनाको रेखाङ्कन, डिजाइन प्रतिवेदन र सामुदायिक कार्ययोजना पारित गरिन्छ । सोहि आमभेलामा योजनाको लागि आवश्यक पर्ने बाह्य निर्माण सामग्रीहरु खरिदको लागि **खरिद समिति** (चरणवद्ध कार्यपद्धति खुट्किला नं. १३) गठन गर्नुपर्दछ । उक्त समितिमा २ (दुई) जना उपभोक्ता समिति भित्रको र १ (एक) जना उपभोक्ता समिति बाहिरको तर आयोजना क्षेत्र भित्रको व्यक्ति सदस्य हुनेछन् । खरिद समितिमा कम्तिमा एक जना महिला सदस्य अनिवार्य रुपमा हुनुपर्नेछ । खरिद समितिमा वस्ने व्यक्ति समुदायले विश्वास गरेको व्यक्ति हुनुपर्दछ । विगतमा आर्थिक अनियमिततामा संलग्न भएको व्यक्तिलाई खरिद समितिमा राख्नु हुँदैन । खरिद समिति गठन सम्बन्धी निर्णय उपभोक्ता भेलाको माइन्यूटमा लेखी सबैले दस्तखत गर्नुपर्दछ ।

खरिद समितिको कार्यविवरण निम्न वमोजिम हुनेछ । उपभोक्ता समितिले उक्त कार्यविवरण वमोजिमको कार्य सम्पन्न गर्न उपभोक्ता समितिवाट निर्णय गरी खरिद समितिलाई निम्न

बमोजिमको अधिकार प्रत्यायोजन गर्नुपर्दछ । खरिद सम्बन्धी कारोबार खरिद समितिले गरेता पनि यसको समग्र उत्तरदायित्व उपभोक्ता समितिको नै हुनेछ ।

- सामग्री खरिद सम्बन्धी सूचना प्रकाशन गर्न एकै गाउँपालिका वा नगरपालिका भित्रका वा भूगोल मिल्ने गरी उपभोक्ता समितिहरुको समूह बनाउने तथा उपभोक्ता समितिको व्यवस्थापन खर्च समेतलाई ध्यान दिई योजनाहरुको समूह बनाउने,
- दरभाउपत्र फाराम पाइने स्थान (सम्बन्धित गा.पा/न.पा कार्यालय, परियोजनाका प्राविधिक सहयोग इकाईहरु, हेल्भेटासको कार्यालय, सुर्खेत वा उपभोक्ता समितिले तोकेको अन्य कार्यालय) तय गर्ने, सो वापत लाग्ने दस्तूर निर्धारण गर्ने । सौर्य उर्जाबाट संचालित खानेपानी वा सिंचाई वा लघु जलविधुत आयोजनालाई आवश्यक पर्ने बाह्य सामाग्रीहरुको हकमा परियोजनाको सम्पर्क कार्यालय काठमाण्डौंबाट समेत दरभाउपत्र खरिद गर्न पाईने निर्णय गर्न सक्नेछ ।
- सिलबन्दी दरभाउपत्र फाराम वितरण तथा संकलन गर्ने स्थान, मिति र समय तय गर्ने,(दरभाउ पत्र खरिद गरिएको स्थानमा बुझाउन सकिने)
- सिलबन्दी दरभाउ पत्र खोल्ने मिति, समय र स्थान तय गर्ने (आयोजना क्षेत्रको गा.पा वा न.पा मा)
- खोलिएका सिलबन्दी दरभाउपत्रको आधारमा तुलनात्मक तालिका तयार गरी सबैभन्दा कम मूल्यमा तोकिएको गुणस्तरको सामग्री उपलब्ध गराउने वितरक वा उत्पादक छनौटको लागि उपभोक्ता समितिलाई सिफारिस गर्ने, (छनौटको निर्णय उपभोक्ता समितिले गर्नेछ) ।
- सप्लायरलाई दरभाउपत्र स्वीकृत भएको जानकारी पत्र पठाउने
- सप्लायर र उपभोक्ता समिति वीच सम्झौता गर्ने,
- सप्लायरलाई कार्यादेश दिने,
- सप्लाई भएको सामग्री तथा बील भरपाई रुजू गरी भुक्तानीको लागि उपभोक्ता समितिलाई सिफारिस गर्ने,
- प्राविधिकको सहयोगमा गुणस्तरीय सामग्री पहिचान गर्ने तथा सामग्री सप्लाई गर्ने स्थान देखि योजनास्थल सम्म ढुवानीको व्यवस्था मिलाउने (निर्माण सामग्री ढुवानी गर्नुपर्ने स्थान सूचनामा नै उल्लेख गर्नुपर्नेछ) ।
- सम्झौता वमोजिम समयमा सामग्री उपलव्ध नगराउने वा सम्झौताका प्रावधानलाई पालना नगर्ने आपूर्तिकर्तालाई परियोजना व्यवस्थापन समितिले कालोसूचीमा राखी भविष्यमा परियोजना अन्तर्गतका योजनामा दरभाउपत्र पेश गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

निर्माण सामग्री खरिद प्रकृया सम्बन्धमा खरिद समितिका सदस्यहरुले उपभोक्ता समितिको बैठकमा नियमित रुपमा जानकारी गराउनुपर्दछ । यसका अतिरिक्त खरिद कार्य सम्पन्न भैसकेपछि उपभोक्ता समितिमा विस्तृत विवरण पेश गरी आमभेलावाट खरिद गरिएको समग्र प्रकृया र खर्चको विवरण पारित गराउनुपर्दछ ।

## ४.२. उपभोक्ता समिति व्यवस्थापन तालिम

उपभोक्ता समितिका पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष) तथा खरिद समितिका सदस्यहरुलाई लेखापालन, सामग्री खरिद, सामग्रीको गुणस्तर पहिचान लगायतका विषयमा सम्बन्धित गापा/नपा सदरमुकाममा तालिमको व्यवस्था गरिनेछ । यस तालिममा निर्माण सामग्री खरिदको विस्तृत प्रकृया, यसका लागि प्रयोग हुने फारमहरु, उपभोक्ता समितिले राख्नुपर्ने हिसाव किताव तथा लेखा, खरिद गरिने सामग्रीहरुको गुणस्तर पहिचान लगायतका विषयमा तालिम दिइनेछ । यो तालिम गाउँ/नगरकार्यपालिका कार्यालयले स्थानीय तहको सदरमुकाम वा एक भन्दा बढि स्थानीय तहका उपभोक्ता समितिहरु समावेश भएमा जिल्ला सदरमुकाममा समेत आयोजना गर्न सकिनेछ ।

यस तालिममा लेखा राख्ने अभ्यासका साथै गुणस्तरीय निर्माण सामग्रीहरुको नमूना प्रत्यक्ष अवलोकन समेत गराइनेछ । यस्तो तालिम आयोजना गर्दा विभिन्न गाउँपालिकाका उपभोक्ता समिति र खरिद समितिलाई समावेश गराइनेछ । यस तालिम पश्चात् योजनाको आकार प्रकार तथा गाउँपालिका भित्र रहेका योजनाहरुको संख्या हेरी कम्तिमा तीन वटा योजना पर्ने गरी निर्माण सामग्री खरिदको लागि योजनाहरुको समूह बनाइनेछ । यस तालिमको विषयवस्तु अनुसूची २ मा दिइएको छ ।

हरेक उपभोक्ता समितिले निर्माण सामग्रीहरु पहिचान गर्दा परियोजनाद्वारा तयार गरिएको खानेपानी तथा अन्य आयोजनामा प्रयोग हुने पाइप, फिटि•स्, औजार,ज्यावल तथा निर्माण सामग्रीको सचित्र परिचय पुस्तिका वमोजिम सामग्री पहिचान गर्नुपर्दछ । उक्त पुस्तिका यस निर्देशिकाको अभिन्न अ•को रुपमा रहेको छ ।

## ४.३. सामग्री खरिदको सूचना प्रकाशन

निर्माण सामग्री खरिदको लागि अनिवार्य रुपमा पत्रिकामा सूचना प्रकाशित गर्नुपर्नेछ । यस्तो सूचना सम्बन्धित जिल्लावाट प्रकाशित हुने एउटा पत्रिका र आफुलाई पायक पर्ने नजिकको बजार (धनगढी वा नेपालगञ्ज वा सुर्खेत) बाट प्रकाशित हुने एउटा पत्रिका गरी कम्तिमा दुईवटा पत्रिकामा सूचना प्रकाशित गर्नुपर्नेछ । यदि कुनै खास सामग्रीको स्थानीय तथा क्षेत्रीय बजारमा अभाव भै राष्ट्रिय स्तरमा सूचना प्रकाशन गर्नुपर्ने अवस्था भएमा समेत अधिकतम उपभोक्ता समितिहरु समावेस भै यसै कार्यविधिमा उल्लेख भएको प्रकृया अवलम्बन गरी राष्ट्रिय स्तरमा सूचना प्रकाशित गरी प्रतिष्पर्धात्मक सिलबन्दी दरभाउपत्र मार्फत संयुक्त रुपमा खरिद (अभाव भएको सामग्रीको मात्र) गर्न सक्नेछन् । सूचना प्रकाशन गर्दा निम्न कुराहरुमा ध्यान दिनुपर्दछ । (सूचनाको नमूना अनसूची ३ मा दिइएको छ)

- खरिद समितिहरुले उपभोक्ता समितिको तर्फवाट दरभाउपत्रहरु माग गर्नको लागि पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गर्नुपर्दछ । सूचनामा निम्न विवरण प्रष्ट बुझिनेगरि खुलाएको हुनुपर्छः
    - दरभाउपत्र फाराम पाइने स्थान र सो वापत लाग्ने दस्तुर,
    - सिलबन्दी दरभाउपत्र पठाउने तरिका
    - सिलबन्दी दरभाउपत्र दाखिला गर्नु पर्ने स्थान/कार्यालय
    - सिलबन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान

- पहिलो पटकको लागि सूचनाको म्याद सूचना प्रकाशित भएको मितिले कम्तिमा १५ दिनको हुनुपर्दछ । यदि पहिलो पटक प्रकाशित सूचनाको अवधि भित्र कुनै दरभाउपत्र पेश नभएमा वा कम्तिमा ३ वटा दरभाउपत्र पेश नभएमा खरिद समितिले सो बारे निर्णय गरी पुनः ७ दिनको सूचना प्रकाशन गर्नुपर्दछ । दोश्रो पटक प्रकाशित सूचना अवधि भित्र समेत पर्याप्त दरभाउपत्र पेश नभएमा संयुक्त खरिद समितिको बैठकमा निर्णय गरी पेश भएका मध्येबाट छनौट प्रक्रिया अगाडि बढाउन सकिनेछ ।

- प्रकाशन गरिएको सूचनाको एक एक प्रति सम्बन्धित गाउँ/नगरकार्यपालिकाको कार्यालय, जि.स.सको कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ लगायतका कार्यालयमा उपलव्ध गराउनुपर्दछ ।

**४.४. दरभाउपत्र वितरण तथा संकलन**

उपभोक्ता समिति सवै सूचना प्रकाशन भएको स्थानमा पुगी दरभाउपत्र विक्रि वितरण गर्न सम्भव नहुने भएकोले यस कार्यमा परियोजनाले आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

- उपभोक्ता समितिले दरभाउपत्र वितरणको लागि गा.पा/न.पा/परियोजनाको कार्यालय, जिल्ला स्थित परियोजनाको प्राविधिक सहयोग इकाई कार्यालयहरु र हेल्भेटासको कार्यालय सुर्खेतवाट वा अन्य कुनै कार्यालयवाट बिक्रि वितरण गर्न सक्नेछ । सिलबन्दी गरिएका दरभाउपत्रहरु खरिद गरेकै स्थानमा बुझाउन सकिनेछ । उक्त दरभाउपत्रहरुको सुरक्षित रुपमा सम्बन्धित गा.पा/न.पासम्म ढुवानी गर्ने कार्यको जिम्मेवारी परियोजनाको हुनेछ । दरभाउपत्र तयार गर्ने कार्यमा खरिद समितिलाई गा.पा/न.पा कार्यालय, सहयोगी सँस्था र परियोजनाका प्राविधिकहरुले आवश्यक सहयोग उपलव्ध गराउनेछन् ।
- खरिद समितिले दरभाउपत्र तयार गरी सबै पानामा अध्यक्षको हस्ताक्षर र समितिको छाप लगाई आवश्यक संख्यामा दरभाउपत्र वितरण गर्न तोकिएको कार्यालयमा पत्र सहित पठाउनुपर्दछ । यस्तो पत्रमा पठाइएका दरभाउपत्र दस्तावेजको संख्या समेत उल्लेख गर्नुपर्दछ । दरभाउपत्रको नमूना अनुसूची ४ मा दिइएको छ । दरभाउपत्रको साथमा सामग्री सप्लाई गर्ने थप शर्तहरु तथा प्रमुख सामग्रीहरुको मापदण्ड ( स्पेशीफिकेशन) समेत साथै संलग्न गर्नुपर्दछ । खानेपानी योजनामा प्रयोग हुने प्रमुख सामग्रीहरुको सचित्र स्पेशीफिकेशन अनुसूची ५ मा दिइएको छ ।

  थप सामग्रीहरुको गुणस्तर पहिचानको लागि परियोजनाले तयार गरेको खानेपानी तथा अन्य आयोजनामा प्रयोग हुने पाइप, फिटिङ्गस्, औजार,ज्यावल तथा निर्माण सामग्रीको सचित्र परिचय पुस्तिका हेर्नुहोला ।

- खरिद समिति वा समितिले तोकेको कार्यालयले उपभोक्ता समितिले निर्धारण गरे बमोजिम दस्तुर (पछि फिर्ता नहुने) लिई दरभाउपत्र बिक्रि वितरण गर्नेछन् । यस्तो दस्तूर रु. २० लाख वा सो भन्दा कम रकम सम्मको कुल खरिदको हकमा प्रति दरभाउपत्र रु. १००० (रु. एकहजार मात्र) र रु. २० लाख भन्दा माथि २ करोड सम्मको कुल खरिदमा प्रति दरभाउपत्र रु. ३००० (रु. तीनहजार मात्र) लाग्नेछ । यो व्यहोरा

सूचनामा नै उल्लेख गर्नुपर्दछ । सप्लायरले निर्माण सामग्री ढुवानी गरी प्राविधिकले चेकजांच भैसकेपछि सप्लाई भएको सामानको मात्र भुक्तानी दिने भएकोले यस प्रयोजनको लागि धरौटी वा बैंक जमानीपत्र आवश्यक पर्नेछैन ।

- इच्छुक सप्लायरले दरभाउपत्र खरिद वापतको रकम सम्बन्धित गा.पा/न.पा कार्यालयको तोकिएको खातामा जम्मा गरी एक प्रति भौचर पेश गरी दरभाउपत्र हासिल गर्न सक्नेछन् ।
- गा.पा/न.पा कार्यालय बाहेक अन्य स्थानमा बुझाइएका दरभाउपत्रहरु सम्बन्धित कार्यालयवाट दर्ता विवरण तथा दर्ता शुल्क (भएमा) सहित यथासक्य छिटो सम्बन्धित गा.पा/न.पा कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

**४.५. दरभाउपत्र मूल्याङ्कन तथा आपूर्तिकर्ता छनौट**

संकलन हुन आएका सबै दरभाउपत्रहरु सूचनामा उल्लेख भएको मिति, समय र स्थानमा सम्बन्धित खरिद समिति, गा.पा/न.पाको प्रमुख प्रशासकिय अधिकृत वा प्रतिनिधि, लेखा शाखाका प्रतिनिधि, गा.पा/न.पाको प्राविधिक शाखाका प्रतिनिधि, प्राविधिक सहयोग इकाई प्रतिनिधि, गा‘‘उपालिका जलस्रोत अधिकृत, प्राविधिक सहजकर्ता, सहयोगी सँस्था वा व्यक्तिको रोहवरमा खोलीनेछ । खरिद समितिहरुले दरभाउपत्र मूल्याङ्कनको लागि गठन गरेको विज्ञ सहितको मूल्याङ्कन समितिले सोहि दिन बैठक वसी तुलनात्मक तालिका बनाउने प्रकृया अगाडी बढाइनेछ । मूल्याङ्कन समितिमा सबै संलग्न योजनाका खरिद समितिवाट एक एक जना, परियोजनाबाट एक जना र गा.पा/न.पाको लेखा शाखाका प्रतिनिधि एक जना र गा.पा/न.पा प्राविधिक शाखावाट कम्तिमा एक जना प्रतिनिधि रहनेछन् । दरभाउपत्र मूल्याङ्कन लगायतको सम्पूर्ण खर्च दरभाउपत्र खरिद गर्दा जम्मा भएको रकम वा सम्बन्धित उपभोक्ता समितिहरुले उपभोक्ता समिति व्यवस्थापन खर्चवाट व्यहोर्नेछन् । सबैभन्दा कम मूल्य अंकित गर्ने र तोकिएका शर्त पूरा गर्ने सप्लायर छनौट गर्ने निर्णय गर्न उपभोक्ता समितिलाई सिफरिस गरिनेछ । दरभाउपत्र मूल्याङ्कन गर्दा निम्न कुराहरु ध्यान दिनुपर्दछ :

- सप्लायरले दरभाउपत्र खरिदको लागि लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर (ख्व्त) दर्ता प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता वा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र अघिल्लो आ.व.को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गरेको हुनुपर्नेछ ।
- सप्लायरले दरभाउपत्रमा दररेट भर्दा अंक र अक्षर दुवैमा प्रष्ट रुपमा भरेको हुनुपर्नेछ र दरभाउपत्रका सबै पानामा अनिवार्य रुपमा सप्लायरको छाप र दस्तखत भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
- प्राप्त सिलबन्दी दरभाउपत्रहरू खोल्दा सबै उपस्थित व्यक्तिहरुले खोल्नु अघि सिलबन्दी खाममा हस्ताक्षर गर्ने । दरभाउपत्रहरू खोल्दाको बखत सप्लायर वा निजहरुका प्रतिनिधिहरु उपस्थित हुन सक्नेछन् । तर सप्लायर वा निजका प्रतिनिधि उपस्थित

नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन । खोलिएका दरभाउपत्रमा लेखिएका दररेट केरमेट आदी भए रजिष्टरमा मुचुल्काको रुपमा लेख्नुपर्दछ ।

- खरिद समितिले मूल्याङ्कन समितिका सदस्यहरुको सहयोगमा अनुसूची ६ मा उपलव्ध गराइएको ढाँचामा दरभाउपत्रहरूको तुलनात्मक तालिका तयार गर्नेछन् र मूल्याङ्कन समितिको सिफारिस वमोजिम सबैभन्दा कम दर उल्लेख गर्ने सप्लायरको पहिचान गर्नेछन् । यसरी खरिद गर्नु पर्ने सामग्रीहरुको गुणस्तरमा कुनै सम्झौता नगरी सबैभन्दा कम दर उल्लेख गर्ने सप्लायरको दरभाउपत्र स्वीकृतीका लागि उपभोक्ता समिति समक्ष पेश गर्नेछ र उपभोक्ता समितिले खरिद समितिको सिफारिस बमोजिम सप्लायर छनौट गर्ने निर्णय गर्नेछ । यदि सबैभन्दा कम दर उल्लेख गर्ने सप्लायरको दर समेत लागत इस्टिमेट भन्दा बढी भएमा उक्त सप्लायरसंग खरिद समितिले वार्ता गरी उक्त दर स्वीकृत दर भित्र पार्न सक्दछ । खरिद प्रक्रियाका सबै चरणहरुको प्रष्ट हुने गरी माइन्यूट उपभोक्ता समिति वा खरिद समितिको बैठक पुस्तिकामा लेखी राख्नुपर्दछ र सो माइन्युट उपभोक्ता समितिले निर्णय गर्ने समयमा र योजनाको सार्वजनिक परीक्षणको समयमा उपलब्ध गराउनुपर्दछ ।
- निर्णय पश्चात खरिद समितिले छनौट भएको सप्लायरलाई दरभाउपत्र स्वीकृत भएको सूचना दिनेछ । सो सूचना निर्णय भएको मितिले दिँदा ३ दिन भित्र दिईसक्नुपर्नेछ । सूचनाको नमूना अनुसूची ७ मा दिइएको छ ।

**४.६. खरिद सम्झौता**

- खरिद समूहमा आवद्ध उपभोक्ता समितिहरुले स्वीकृत भएको दररेटमा सामग्री सप्लाई गर्न छनौट भएको सप्लायर वा उत्पादकसंग तोकिएको ढा‘‘चामा अलग अलग सम्झौता गर्नेछन् । यस्तो सम्झौता दरभाउपत्र स्वीकृत भएको सूचना दिएको सात दिन भित्रमा सम्पन्न गरीसक्नुपर्नेछ । सम्झौता पत्रमा सूचना र दरभाउपत्र फाराममा उल्लेख भएका शर्तहरु समावेश गरिनेछ । खरिद गरिने सम्पूर्ण सामग्रीहरुको गुणस्तर तथा परिमाण दरभाउपत्र फाराममा संलग्न गरिएको प्राविधिक मापदण्ड वमोजिम भएको सुनिश्चित गर्नु सहयोगी सँस्था वा व्यक्ति, गापा/नपा कार्यालयको प्राविधिक शाखा र परियोजनाको हुनेछ । सम्झौताको नमूना अनुसूची ८ मा दिइएको छ ।
- उपभोक्ता समितिले सप्लायरको दरभाउपत्र स्वीकृत गरेपछि गाउँपालिका परियोजना व्यवस्थापन समितिले (कार्यक्रम गापा वा नपाको हकमा गापा वा नपा कार्यालयले) जलश्रोत विकास कोष वाट पहिलो किस्ता (परियोजना कार्यान्वयन निर्देशिकामा व्यवस्था भए वमोजिम सम्झौताको कूल रकमको बढीमा ५०% रकम) उपभोक्ता समितिको खातामा भुक्तानी दिनेछ ।
- उपभोक्ता समितिले दरभाउपत्र स्वीकृत भएको सप्लायरलाइ जानकारी गराई दुवै पक्षको सहमतिमा सम्झौताका सर्तहरु स्पष्ट रुपमा उल्लेख गरी सप्लायरले उक्त सामानहरु कहिले संम्म, कहां सम्म (स्थान) सप्लाई दिइसक्नु पर्ने सो मिति उल्लेख गरी सम्झौता

गर्नेछन् । सम्झौतामा दुवै पक्षको छाप र हस्ताक्षर गरी एक प्रति सप्लायरले, एक प्रति उपभोक्ता समितिले राख्ने र एक प्रति प्रतिलिपि गापा वा नपा कार्यालयमा पेश गर्नुपर्दछ ।

- स्वीकृत दरभाउपत्रको मान्य अवधि उपभोक्ता समिति र सप्लायर वा उत्पादक वीच आपसी समझदारीमा तय गरिनेछ ।
- सम्झौता सम्पन्न भएपछि उपभोक्ता समितिले सप्लायरलाई लिखित कार्यादेश दिनुपर्दछ । यस्तो कार्यादेश सामान्यतः सम्झौता भएको तीन दिन भित्रमा दिईसक्नुपर्नेछ (नमूना अनुसूची ९ मा दिइएको छ) ।

**४.७. सामग्री आपूर्ति तथा भुक्तानी**

- सम्झौतामा तोकिएको म्याद भित्र सप्लायरले सामग्री ढुवानी गरिदिनुपर्नेछ ।
- योजनामा खटिएका सम्बन्धित प्राविधिक, सहयोगी सँस्था वा व्यक्तिहरुबाट सामग्रीको परिमाण, गुणस्तर र बिलमा उल्लेखित सामानको दर (दरभाउपत्रमा उल्लेखित दर हुनु पर्ने) सामग्री ढुवानी गर्नु अगावै वा सप्लायरले ढुवानी गर्ने स्थान (ट्रक पुग्ने योजनास्थलवाट नजीकको स्थान) वा योजना स्थलमा पुगेपछि गर्न सकिने छ । सबै सामग्री चेकजाँच भै प्राविधिकले प्रमाणित नगरी उपभोक्ता समितिले भुक्तानी दिनेछैन । ढुवानी नभएको सामाग्रीको सामानको भुक्तानी कुनै पनि हालतमा गरिनेछैन र यदि यस्तो रकम भुक्तान भई पछि फरक पर्न गएमा उक्त रकम उपभोक्ता समितिवाट असूल उपर गराइनेछ ।
- यदि चेकजाँचको क्रममा कुनै सामग्री निर्धारित गुणस्तर अनुसार नपाइएमा फिर्ता लैजाने र गुणस्तरीय सामग्री सोही स्थानमा पुनः ल्याइदिने जिम्मेवारी सप्लायरको हुनेछ ।
- सम्बन्धित प्राविधिकवाट सबै सामग्रीहरु दुरुस्त अवस्थामा प्राप्त भएको प्रतिवेदन प्राप्त भएपछि उपभोक्ता समितिले सप्लायरलाई रकम भुक्तानीको प्रक्रिया अगाडि बढाउनेछ र सबै भुक्तानीहरु एकाउन्ट पेयी चेकबाट मात्र भुक्तानी दिइनेछ ।
- यदि छनौट भएको सप्लायरले सम्झौता गर्न अस्वीकार गरेमा वा सम्झौतामा उल्लेख भएको अवधिभित्र सप्लायरले सामग्री सप्लाइ गर्न नसकेमा वा सप्लायरले सामान आपूर्तिमा उल्लेखनीय रुपमा ढिलाई भै योजनाको काममा बाधा पुग्न गएमा उपभोक्ता समितिले सप्लायरसंगको सम्झौता रद्द गरी अर्को सूचना प्रकाशित गर्न सक्नेछ । यसरी तोकिएका मिति भित्र सम्झौता गर्न अस्वीकार गर्ने वा सम्झौता बमोजिम तोकिएको मितिभित्र सामग्री आपूर्ति गराउन नसक्ने सप्लायरलाई गापा/नपा/परियोजनाले भविष्यमा दरभाउपत्र पेश गर्न अयोग्य ठहर गर्न सक्नेछ र भविष्यमा त्यस्तो सप्लायर वा उत्पादकको दरभाउपत्र परियोजना सञ्चालित कुनै पनि गा.पा/न.पा मा अस्वीकृत गर्ने/हुने निर्णय गर्न सकिनेछ ।

- उपभोक्ता समितिले सामग्रीहरु ढुवानी भईसकेपछि प्राप्त बिल र सामग्रीको आधारमा प्राप्त मिति समेत उल्लेख गरी खर्च भएर जाने सामानहरु **खर्च भएर जाने जिन्सी खातामा** र खर्च भएर नजाने सामानहरु **खर्च भएर नजाने जिन्सी खातामा** चढाउनुपर्दछ । यसको नमूना परियोजनाद्वारा तयार गरिएको योजना खातामा दिइएको छ ।

## ५. बोलपत्र मार्फत निर्माण सामग्री खरिद गर्ने प्रकृया

उपभोक्ता समितिले आफुले निर्माण सामग्री खरिद गर्न नसक्ने भएमा आमभेला वाट निर्णय गराई निर्माण सामग्री खरिद कार्यमा सहयोग गरिदिन गाउँ/नगरपालिका परियोजना व्यवस्थापन समिति लाई लिखित अनुरोध गर्नेछ। यो पद्धति अपनाउदा समेत एक पटकमा कम्तिमा तीनवटा उपभोक्ता समितिको खरिद प्रकृया अगाडी बढाइनेछ । बजारमा कुनै खास सामग्रीको अभाव भएमा र उपभोक्ता समितिले खरिद गर्न सम्भव नभई यस प्रकृया वमोजिम सहयोग गर्न आमभेलाको निर्णय सहित अनुरोध भई आएमा समेत गाउँपालिका परियोजना व्यवस्थापन समितिले कुनै खास सामग्रीको लागि यो प्रकृया अपनाउन सक्नेछ । यस्तो अनुरोध बमोजिम गाउँपालिका परियोजना व्यवस्थापन समितिले उपभोक्ता समितिका प्रतिनिधि सहितको खरिद समिति गठन गरी बोलपत्र मार्फत निर्माण सामग्री खरिद गरी उपभोक्ता समितिलाई उपलव्ध गराउनेछ । गाउँपालिका परियोजना व्यवस्थापन समितिको सिफारिसमा उपभोक्ता समितिले सप्लायरलाई भुक्तानी गर्नेछ। यसको प्रकृया निम्न वमोजिम हुनेछ।

गाउँपालिका परियोजना व्यवस्थापन समितिले सामग्री खरिदको लागि निम्नअनुसारको संयुक्त व्यवस्थापन पद्धति स्थापना गर्नेछ ।

१. उपभोक्ता समितिले गठन गरेको खरिद समितिमा सहयोगी सँस्था वा व्यक्तिबाट एक जना थप हुनेछन् । समितिको अध्यक्ष उपभोक्ता समितिले तोकेको व्यक्ति रहनेछन् ।

२. गाउँपालिका/नगरपालिका परियोजना व्यवस्थापन समितिले प्राविधिक शाखाको प्रमुख, जलस्रोत सल्लाहकार,लेखा प्रमुख, गाउँपालिका कानूनी सल्लाहकार (यदि भएमा) र गाउँपालिका परियोजना व्यवस्थापन समितिले आवश्यक ठानेमा थप सदस्य समेत समितिमा मनोनयन गर्नेछ ।

३. समग्र खरिद प्रक्रिया उपभोक्ता समितिको नाममा हुनेछ ।

४. सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम खरिद प्रकृयाको निर्णय गाउँपालिका परियोजना व्यवस्थापन समितिले गर्नेछ ।

५. बोलपत्रको लागि आवश्यक पर्ने सबै कागजातहरूको तयारी परियोजनाका जलस्रोत सल्लाहकार/जलश्रोत ईन्जिनियर/प्राविधिक सहजकर्ताको सहयोगमा गाउँपालिका प्राविधिक शाखाका प्रमुखले गर्नेछन् ।

६. बोलपत्र दस्तावेजहरूको बिक्रीको लागि उपभोक्ता समितिले एक जना सदस्यलाई मनोनयन गर्नेछ। सो सम्बन्धी सबै रेकर्ड राख्ने जिम्मेवारी सोही सदस्यको हुनेछ। खरिद समितिले प्राविधिक शाखाको प्रमुखलाई पर्न आएका दरखास्तहरू चेकजाँच गर्ने जिम्मेवारी दिनेछ र निजले खरिद समितिलाई आवश्यक सिफारिस गर्नेछ।

७. खरिद समितिले बोलपत्रको मूल्याङ्कन गर्नेछ र उपभोक्ता समितिले बोलपत्रदाताहरूको छनौट सम्बन्धी निर्णय गर्नेछ ।

८. जलस्रोत सल्लाहकार/जलश्रोत ईन्जिनियरको सहयोगमा प्राविधिक शाखाका प्रमुखले खरिद समितिको तर्फबाट सम्झौता पत्रहरू तयार गर्नेछन् र सो सम्झौतामा उपभोक्ता समितिले हस्ताक्षर गर्नेछ। प्राविधिक शाखाका प्रमुख र जलस्रोत सल्लाहकारले साक्षीको रुपमा हस्ताक्षर गर्नेछन्।

९. गापा परियोजना व्यवस्थापन समितिले खरिद गरिएका सामग्रीहरूको गुणस्तर सुनिश्चित गर्नको लागि आवश्यक पद्धति अपनाउनेछ।

१०. प्राविधिक शाखाका प्रमुख र गापा/नपा स्थित परियोजनाका प्राविधिक कर्मचारीले सामग्रीहरूको चेकजाँच गरी भुक्तानीको लागि गापा परियोजना व्यवस्थापन समितिलाई सिफारिस गर्नेछन् र गापा/नपा परियोजना व्यवस्थापन समितिले उपभोक्ता समितिलाई भुक्तानीको लागि सिफारिस गर्नेछ।

११. उपभोक्ता समितिहरुले गापा परियोजना व्यवस्थापन समितिको सिफारिस अनुसार भुक्तानी गर्नेछन् र उपभोक्ताहरूको आम भेलाबाट निर्णय गरि पारित गराउनेछ।

## अनुसूची १. उपभोक्ता समिति खरिद तथा आर्थिक व्यवस्थापन अभिमुखीकरण

**तालिम अवधिः** १ दिन

**सहभागीहरुः** उपभोक्ता समितिका सबै सदस्यहरु, अनुगमन समितिको संयोजक र सम्बन्धित वडाका अध्यक्ष र सदस्यहरु

**तालिमको समय** मस्यौदा डिजाइन प्रतिवेदन तयार भएपछि (चरणवद्ध कार्यविधि खुट्किला ८)

**स्रोत व्यक्तिहरुः** कार्यक्षेत्रमा कार्यरत कर्मचारीहरु

**आयोजकः** सहयोगी सँस्था

**तालिमको उद्देश्यः**

- उपभोक्ता समितिले गर्ने खरिद प्रकृयाको वारेमा विस्तृत जानकारी गराउने,
- निर्माण सामग्री, पाइप, औजार, कामदार र जनश्रमको अभिलेख र यसको महत्व वारेमा जानकारी गराउने,
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई निर्माण सामग्रीहरुको गुणस्तरको बारेमा सचेत बनाउने

**तालिमको विषयवस्तुहरु**

| दिन | विषयवस्तुहरु | समय | क्रियाकलाप र प्रयोग गरिने सामग्रीहरु |
|---|---|---|---|
| पहिलो दिन | पहिलो सत्रः<br>● परिचय<br>● तालिमको उद्देश्य | ३० मिनेट | खेल |
| | कोष प्रवाह प्रणाली<br>● लगानी वाँडफाँड, स्थानीय तह र उपभोक्ताहरुको लगानी | ४५ मिनेट | कोष प्रवाह चार्ट<br>लगानी वाँडफाँड चार्ट |
| | उ.स खातामा रकम निकासा प्रक्रिया<br>● सम्झौताको सर्त र अवस्थावारे छलफल<br>● किस्ता निकासा र भुक्तानी प्रक्रिया<br>● आवश्यक विल भरपाई कागजपत्रवारे जानकारी<br>● लगानी (निर्माण सामग्रीमा)<br>● मर्मत सम्भार कोष | ९० मिनेट | सम्झौता पत्रको नमूना |
| | निर्माण सामग्री खरिद प्रकृया<br>● खरिद प्रक्रिया<br>● दरभाउ (कोटेसन) प्रक्रिया<br>● वजार दररेट विश्लेषण (तुलनात्मक चार्ट)<br>● लेखा परीक्षण प्रक्रिया<br><br>सामग्रीको गुणस्तर र नजिकको वजार | ९० मिनेट | मर्मत सम्भार निर्देशिका/मर्मत सम्भार कार्यविधि<br>खरिद निर्देशिका<br>निर्माण सामग्रीहरुको चित्र सहितको किताव (औजार, फिटि•स,पाइप) |

| | | | |
|---|---|---|---|
| | • गुणस्तर चिन्हहरु (NS,ISI) पाइप, फिटिङ्गस्, औजार, सिमेन्ट,छड वारे विस्तृत जानकारी<br>• वालुवा, गिट्टी, ढुङ्गा, काठ, बाँस आदिको गुणस्तर<br>• उत्पादन कम्पनी, व्राण्ड, नजिकको वजार, ढुवानी सेवा<br>योजनाको लागत र अभिलेख<br>• निर्माण सामग्री, ढुवानी, दक्ष, अर्धदक्ष ज्यामीको लागत अनुमान<br>• जिल्ला दररेट<br>• अधिकतम वजेट र आम्दानीको श्रोत<br>• वैंक खाता<br>• आम्दानी र खर्च खाता<br>• खर्च भएर जाने जिन्सी खाता<br>• खर्च भएर नजाने जिन्सी खाता<br>• माग फारम, स्टोर दाखिला<br>समापन | ४५ मिनेट<br><br>६० मिनेट | वजार सामग्री उत्पादन कम्पनी र व्राण्डको नामावली विवरण<br>उ.स कार्यसञ्चालन निर्देशिका<br><br>सामग्रीहरुको गुण ताप तौलको विवरण ( स्पेसिफिकेसन) |

## अनुसूची २. उपभोक्ता समिति व्यवस्थापन तालिमको विषयवस्तु

| | |
|---|---|
| **तालिम अवधि:** | ३ दिन |
| **सहभागीहरु:** | उपभोक्ता समितिका पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष) र खरिद समितिका सदस्यहरु, योजना सञ्चालित वडाका वडाध्यक्ष, गापा वा नपाका अनुगमन समितिका सदस्यहरु मध्येबाट १ जना |
| **तालिमको समय** | कार्यान्वयन चरणको सम्झौता भए लगत्तै (चरणवद्ध कार्यविधि खुट्किला १७) |
| **स्रोत व्यक्तिहरु:** | जलस्रोत सल्लाहकार/इन्जिनियर, गाउंपालिका जलस्रोत अधिकृत, प्राविधिक सहजकर्ता, प्राविधिक शाखाका प्रमुख, गापा वा नपाका लेखा शाखाका प्रमुख, |
| **आयोजक:** | गाउंपालिका परियोजना व्यवस्थापन समिति |

**तालिमको उद्देश्य:**

- खरिद प्रकृया र यस सम्बन्धी कागजातहरुको व्यवस्थापन गर्न उपभोक्ता समितिलाई सक्षम बनाउने
- निर्माण सामग्रीको गुणस्तर पहिचान एवम् निर्माण सामग्री, पाइप, औजार, कामदार र जनश्रमको अभिलेख राख्न सक्ने बनाउने,
- योजनामा कायम गर्नुपर्ने पारदर्शिता तथा निर्णय प्रकृयाको वारेमा सक्षम बनाउने,
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई निर्माण सामग्रीहरुको गुणस्तरको बारेमा सचेत बनाउने

### तालिमका विषयवस्तुहरु

| दिन | विषयवस्तुहरु | समय | क्रियाकलाप र प्रयोग गरिने सामग्रीहरु दस्तावेजहरु |
|---|---|---|---|
| पहिलो दिन | पहिलो सत्र:<br>• परिचय<br>• तालिमको उद्देश्य<br>• तालिम पूर्वको परिक्षा<br>• परियोजनाको परिचय, कोष प्रवाह पद्धति, लगानीको बाँडफाँड | ९० मिनेट | खेल<br>प्रस्तुतिकरण<br>लिखित परिक्षा<br>कोष प्रवाह चार्ट<br>लगानी बाँडफाँड चार्ट |
| | दोस्रो सत्र:<br>• उपभोक्ता समितिको खातामा रकम निकासा प्रकृया<br>• सम्झौताका प्रावधानहरु<br>• उपभोक्ता समितिले राख्नुपर्ने आवश्यक कागजातहरु | ९० मिनेट | प्रस्तुतीकरण<br>गापा वा नपा र उ.स. वीचको सम्झौता पत्र<br>कागजातहरुको नमूना |
| | तेस्रो सत्र:<br>• बाह्य निर्माण सामग्री खरिद प्रकृया<br>• उपभोक्ता समिति, खरिद समिति, अनुगमन समिति र अन्य साझेदारहरुको भूमिका र जिम्मेवारी | ९० मिनेट | परियोजनाको खरिद कार्यविधि, खरिद कार्यको चरणवद्ध तालिका<br>उ.स. कार्यसञ्चालन सहयोगी पुस्तिका |
| | चौथो सत्र: | | योजनाको डिजाइन प्रतिवेदन |

| | | | |
|---|---|---|---|
| | ● बाह्य निर्माण सामग्रीहरुको गुणस्तर र स्पेशिफिकेशन<br>● स्थानीय सामग्रीहरुको गुणस्तर<br>● निर्माणको मापदण्ड (पाइपलाइन, संरचनाहरु आदि) | १२० मिनेट | खानेपानी तथा अन्य आयोजनामा प्रयोग हुने पाइप, फिटिङ्गस्, औजार तथा निर्माण सामग्रीको सचित्र परिचय पुस्तिका, |
| दोस्रो दिन | पहिलो सत्रः<br>● अघिल्लो दिनको पुनरावलोकन<br>● बाह्य निर्माण सामग्रीहरुको गुणस्तर अवलोकन | ९० मिनेट | कुनै बाह्य निर्माण सामग्रीको सप्लायरसंग समन्वय गरी बाह्य निर्माण सामग्रीहरुको गुणस्तर पहिचान गराउने |
| | दोस्रो सत्रः<br>● योजनाको लागत तथा अभिलेख<br>● ल.ई.को विभिन्न शिर्षकहरुको लागत तथा खर्च गर्ने प्रकृया र सीमा | ९० मिनेट | योजनाको डिजाइन प्रतिवेदन<br>विभिन्न<br>विभिन्न फारमहरु |
| | तेस्रो सत्रः<br>● सार्वजनिक परिक्षण, योजना जानकारी बोर्ड, (प्रकृया सहभागिता, विषयवस्तुहरु)<br>● उपभोक्ता समितिले राख्नुपर्ने लेखा र फारमहरुको परिचय | ९० मिनेट | नमूना फारमहरु<br>योजना बोर्डको चित्र<br>उपभोक्ता समिति<br>कार्यसञ्चालन सहयोगी पुस्तिका |
| | चौथो सत्रः<br>● उपभोक्ता समितिले राख्नुपर्ने लेखा र फारमहरुको परिचय (खरिद र अभिलेख सम्बन्धि)<br>○ निर्माण सामग्री, ढुवानी, दक्ष अर्धदक्ष ज्यामीको लगत राख्ने,<br>○ जिल्ला दररेट, अधिकतम बजेट र आम्दानीको स्रोत<br>○ भरपाईहरुको नमूना<br>○ आम्दानी र खर्च खाता<br>○ खर्च भएर जाने जिन्सी खाता<br>○ खर्च भएर नजाने जिन्सी खाता<br>○ माग फारम, स्टोर दाखिला | १२० मिनेट | मर्मत सम्भार निर्देशिका/मर्मत सम्भार कार्यविधि<br>खरिद कार्यविधि<br>उ.स कार्यसञ्चालन सहयोगी पुस्तिका<br>खाता र भरपाइको नमूना |
| तेस्रो दिन | पहिलो देखि तेस्रो सत्रसम्म<br>● खरिद सम्बन्धि फारम र खाता भर्ने अभ्यास<br>● दोस्रो दिनको चौथो सत्रमा व्याख्या भएका सबै अभिलेख फारमहरु भर्ने अभ्यास | २७० मिनेट | फारामहरुको आधारमा समूहगत रुपमा काल्पनिक अवस्थाको आधारमा व्यवहारिक अभ्यास |
